. मंन्थली नगरपालीका
नगरकार्यपालीकाको कार्यालय
पशु सेवा शाखा
बागमती प्रदेश नेपाल

# सूचना । सूचना ॥ सूचना ॥।

( सूचना प्रकाशित मिति : २०७७।०६।०६ गते)

मंन्थली नगरपालिका पशु सेवा शाखाको आ.व. २०७७।०७८ को पशु सेवा कार्यक्रम अर्न्तरगत दुधमा आत्मनिर्भर (पशु विमा अनुदान कार्यक्रम) अर्न्तरगत मंन्थली नगरपालिका भित्र स्थायी वसोवास गर्ने दुध उत्पादन गरी डेरी उघोगमा दुग्ध पदार्थ विक्रि वितरण व्यवसायमा संलग्न उन्नत गाई / भैसि पालन गर्ने कृषकहरूले ब्यर्होरनुपर्ने २५ प्रतिसत प्रिमियम शुल्क समेत अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेको हुदा यस मंन्थली नगरपालिकाको पशु सेवा शाखामा तपसिल बमोजिमको विवरण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३० दिन (मिति २०७७।०७।०५ गते) भित्रमा आवश्यक कागजात सहित निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ ।

तपसिल :

१. मान्यता प्राप्त पशु विमा कम्पनीबाट विमा गराईएको पोलिसी प्रमाण पत्रको प्रतिलिपी अनिवार्य संलग्न हुनुपर्नेछ ।

२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

३. तोकिएको ढांचामा लिखित निवेदन ।

४. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

५. प्रति कृषक बढिमा ८ माउ सम्म उन्नत गाई / भैसिको लागि मात्र यो अनुदान उपलव्ध गराईनेछ तथा व्याउने नभएका कोरली बाच्छि तथा थोरे पाडिहरू यस कार्यक्रममा समावेश गरिनेछैन ।

६. यो अनुदान प्राप्त गर्नको लागि सम्वन्धित कृषकले डेरी उघोगमा दुध उत्पादन गरि दुग्ध विक्रि वितरण गरेको हुनुपर्नेछ । अन्यको हकमा यस छनौट प्रक्रियामा समावेश गरिनेछैन ।

७. सम्वन्धित कृषकले वढिमा रू.७५०००। हजार भन्दा धेरै रकमको विमा गराएको भए पनि सो भन्दा वढि कृषकले ब्यर्होरनु पर्ने प्रिमियम रकमको अनुदान उपलव्ध गराईनेछैन ।

८. रित नपुगेका वा समय नाघि प्राप्त भएका निवेदनहरू छनौट प्रक्रियामा समावेश गरिने छैन ।

थप जानकारीको लागी : कार्यालयको वेवसाइट www.manthalimun.gov.np बाट हेर्न वा यस कार्यालयको पशु सेवा शाखामा संम्पर्क राख्न हुन अनुरोध छ ।

मिति : २०७७....।....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू ।

मंन्थली नगरपालिकाको कार्यालय मंन्थली रामेछाप ।

विषय : पशु विमा गरे बापतको अनुदान उपलब्ध गराई पाऊ भन्ने वारे ।

महोदय,

उपयुक्त विषयमा म यस मंन्थली नगरपालिका भित्रको पशु पालन गर्ने कृषक भएको हुनाले मैले उन्नत जातका गाई..............माऊ र भैसि.............माऊ गरी जम्मा ..............................गोटा पालन गरि दुध उत्पादन गरि श्री...................................................... उघोगमा दैनिक दुध विक्रि वितरण गरिरहेको र यस नगरपालिका अर्न्तरगत पशु सेवा शाखामा पशु विमा गराए बापत कृषकले व्यर्होरनु पर्ने २५ प्रतिसत रकम सहित उक्त पशु धनीको विमा वापतको रकम अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेको सुचना प्राप्त भएको हुदा तपसिलका कागजात संलग्न राखि नियमानुसार पाउने रकम पाउनको लागि तपसिल बमोजिमका कागजात संलग्न राखि पेश गरेको छु ।

तपसिल :

१. नेपाली नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी थान १

२. ....... वडा कार्यालयको सिफारिस पत्र थान १

३. मान्यता प्राप्त पशु बिमा कम्पनीबाट गाई/भैसी बिमा गराएको बिमाको पोलिसीको प्रतिलिपी थान १

निवेदक

कृषकको नाम थर :

स्थायी ठेगाना :

सर्म्पक नं.

दस्तखत :

मिति : २०७७....।....

श्रीमान्  वडा अध्यक्ष ज्यू ।

.............. वडा कार्यालय

.......................... रामेछाप ।

विषय : पशु विमा गरे बापतको अनुदान पाऊनको लागि सिफारिस पत्र पाऊ भन्ने वारे ।

महोदय,

उपयुक्त विषयमा म यस मंन्थली नगरपालिका भित्रको पशु पालन गर्ने कृषक भएको हुनाले मैले उन्नत जातका गाई..............माऊ र भैसि..............माऊ गरी जम्मा ..............................गोटा पालन गरि दुध उत्पादन गरि श्री.................................................... उघोगमा दैनिक दुध विक्रि वितरण गरिरहेको र यस नगरपालिका अर्न्तरगत पशु सेवा शाखामा पशु विमा गराए बापत कृषकले व्यहोरनु पर्ने २५ प्रतिसत रकम सहित उक्त पशु धनीको विमा वापतको रकम अनुदानमा उपलव्ध गराउने कार्यक्रम रहेको भन्ने जानकारी प्राप्त भएको हुदा विमा गरेको विमाको पोलिसीको प्रतिलिपी यसै निवेदन साथ संलग्न राखि नियमानुसार सिफारिस पत्र उपलव्ध गराईपाउनको लागि अनुरोध गर्दछु ।

निवेदक

कृषकको नाम थर :

स्थायी ठेगाना :

सर्म्पक नं.

मिति : २०७७....।...